"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive

कमलपोखरी, ललितपुर Kamal Pokhari, Lalitpur
३ प्रदेश, नेपाल Province 3, Nepal

Phone No. 01-558065
Fax No. 01-5580703
फोन नं. ०१-५५८०६५
फ्याक्स नं. ०१-५५८०७०

पत्र संख्या / Let. No.:
चलानी नं. / Ref. No.:

## सूचना

### विषयः संस्थागत विद्यालयहरुले छात्रवृत्ति वितरण गर्ने सम्बन्धमा

यस महालक्ष्मी नगरपालिका भित्रका संस्थागत विद्यालयहरुले प्रदान गर्ने १० प्रतिशत छात्रवृत्ति तपशिलका प्रक्रियाहरु पूरा गरी २०७५ साल जेष्ठ मसान्त भित्र वितरण गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१. शैक्षिक सत्र २०७५ को कक्षागत विद्यार्थी संख्याको आधारमा कम्ती १० प्रतिशत छात्रवृत्ति कोटा एकिन गर्ने ।

२. विद्यालयले छात्रवृत्ति कोटा समेत खुलाई कम्तीमा १० दिनको समय दिई जेठ १५ गतेभित्र विद्यार्थीबाट आवेदन लिन सार्वजनिक सुचना प्रकाशन गर्ने । छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीहरुवाट कुन कोटाका लागि आवेदन दिने हो सोसँग सम्बन्धित कागजात सहित सम्बन्धित विद्यालयमा आवेदन दिने व्यवस्था मिलाउने ।

३. महालक्ष्मी नगरपालिका विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४ को नियम ८५ को उपनियम ३ बमोजिमको विद्यालयमा रहेको छात्रवृत्ति वितरण समितिबाट आवेदनहरु छानविन गरी छात्रवृत्ति वितरणको व्यवस्था गर्ने तथा आवेदन भन्दा बढी आवेदन प्राप्त भएमा नगरपालिकाको समन्वयमा परीक्षाको मिति तोकि परीक्षा सञ्चालन गर्ने र तोकिएको कोटा बमोजिम नतिजा प्रकाशन गर्ने ।

४. छात्रवृत्ति प्रदान गर्दा सरकारी तथा गैरसरकारी क्षेत्रका अधिकृत वा अधिकृतस्तर भन्दा माथिका कर्मचारीहरुका वालवालिकाहरुलाई छात्रवृत्ति वितरणमा प्राथमिकता नदिने साथै परिवारको कुनै सदस्यको सरकारी वा गैरसरकारी क्षेत्रको नोकरी, व्यापार, व्यवसाय र आयआर्जनको व्यवस्था नभई अनिवार्य शिक्षाका लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराउन नसक्ने विद्यार्थीलाई विशेष प्राथमिकता दिनुपर्ने ।

५. नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु, आमाको नाम, थर, वतन सहित सार्वजनिक गर्ने ।

६. छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क नलिने व्यवस्था गर्ने ।

७. छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नाम नामेसी विवरण २०७५ साल आषाढ ५ गते भित्र अनिवार्य रुपमा नगरपालिका शिक्षा शाखामा पेश गर्ने ।

८. विद्यालयले प्रदान गर्ने कुल १० प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नु पर्नेछ ।

- जेहेन्दार ३७ प्रतिशत
- विपन्नता ३६ प्रतिशत
- जनजाति १० प्रतिशत
- दलित ५ प्रतिशत
- अपाङ्ग ३ प्रतिशत
- जनआन्दोलनमा घाइते ३ प्रतिशत
- सहिद परिवार, वेपत्ता परिवार र मधेश आन्दोलनका घाइते २/२ प्रतिशत

९. माथि उल्लेखित प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नु पर्नेछ ।

२०७५/२/२

नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची एक

(विद्यार्थीले आवेदन दिने ढाँचा)

१. विद्यार्थीको नाम, थर :

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगाना : क) प्रदेश न. ख) जिल्ला

ग) महानगरपालिका वा गाँउपालिका घ) टोल

३. अभिभावकको नाम थर

क) बाबुकोनाम, थर : ख) पेशा :

ग) आमाको नाम, थर : घ) पेशा

४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नम्बर :

५. यस अघि कुनै छात्रवृत्ति पाए नपाएको :

६. आवेदन दिन चाहेको कक्षा :

७. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिए :

८. एस.इ.इ को सिम्वोल नम्बर (कक्षा एघारको लागि मात्र) :

९. कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय समुह (कक्षा एघारको लागि मात्र) :

१०. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएको :

११. गरिवी परिवार परिचय पत्र भए वा नभएको :

१२. भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेको :

१३. आफुले कुन समुहवाट आवेदन दिन चाहेको हो(कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)

क) जेहेन्दार ☐ ख) विपन्नता ☐

ग) महिला ☐ घ) अपाङ्गता ☐

ङ) दलित ☐ च) जनजाति ☐

छ) जनआन्दोलनको घाइते ☐ ज) वेपत्ता परिवार ☐

झ) मधेश आन्दोलनको घाइतेको सन्तति ☐ ञ)शहिद परिवार ☐

माथि उल्लेखित व्यहोरा ठिक सँचो छन्, फरक परे कानून बमोजिम सहुँला, बुझाउला ।

आवेदक/अभिभावकको दस्तखत :

मिति :

हाल अध्ययनरत विद्यालयको नाम र ठेगाना :

इति वि.स.................. महिना..................... गते.............. रोज्............... शुभम ।

अनुसूची दुई

(आवेदन साथ पेश गर्नु पर्ने कागजातहरूको विवरण)

१. अघिल्लो कक्षा उत्तिर्ण गरेको मार्कसिटको प्रतिलिपी,

२. जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रसासन कार्यालयको सिफारिसको प्रतिलिपी,

३.वेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मान्त्रालय वा सम्बन्धित जिल्ला प्रसासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपी,

४.विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र,